नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या : २०७४/७५
च.नं. :- १४

मिति : २०७४/०५/०२

विषय: निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री जिल्ला वन कार्यालय,
सवै ।

उपरोक्त सम्वन्धमा गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्रको च.नं. २२ मिति २०७४/०४/२९ को Cluster lead/Co-lead को निर्णय कार्यान्वयन सम्वन्धमा वारेको पत्र यसै साथ संलग्न छ, उल्लेख भए वमोजिमको निर्णय कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

..........................
सम्पैत यादव
उप-महानिर्देशक

Scanned by CamScanner

नेपाल सरकार

# गृह मन्त्रालय

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र

फोन : ९७७-०१-४२००२५८
९७७-०१-४२००२५७
९७७-०१-४२००१०५
फ्याक्स : ९७७-०१-४२००१०३

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७४।७५

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- २२

मितिः २०७४/०४/२९

**विषय : Cluster Lead/Co-lead को निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार ।
श्री अर्थ मन्त्रालय, सिंहदरवार ।
श्री आपूर्ति मन्त्रालय, सिंहदरवार ।
श्री कृषि विकास मन्त्रालय, सिंहदरवार ।
श्री खानेपानी तथा सरसफाई मन्त्रालय, सिंहदरवार ।
श्री पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार ।
श्री वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार ।
श्री शिक्षा मन्त्रालय, सिंहदरवार ।
श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार ।
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य मन्त्रालय, राम शाहपथ ।
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
श्री वन विभाग, बबरमहल, काठमाण्डौ ।
श्री भू तथा जलाधार संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।
श्री सडक विभाग, पाटन ढोका, ललितपुर ।
श्री महिला तथा बालबालिका विभाग, श्रीमहल पुल्चोक ।
श्री जल-तथा मौषम विज्ञान विभाग, नक्साल, काठमाण्डौ ।
श्री जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग, पुल्चोक ।
श्री नेपाली सेना, बलाधिकृत विभाग (व्य.यु.), महानिर्देशकको कार्यालय, जङ्गी अड्डा, भद्रकाली ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोक ।
श्री नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय कार्यालय,कालिमाटी ।
श्री Cluster Co-Lead सबै ।
श्री RCO

प्रस्तुत विषयमा मिति २०७४।०४।२९ का दिन राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र, गृह मन्त्रालयमा भएको विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा अन्य निकायवीच भएको बैठकको छलफल तथा निर्णय यसैसाथ संलग्न राखि पठाइएको छ । आ-आफ्नो निकायसँग सम्वन्धित निर्णय कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

(प्रदिप राई)
शाखा अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

**मिति २०७४।०४।२९ गते विहान ८.०० बजे बसेको सम्बन्धित विषयगत क्षेत्रका नेतृत्व दायी निकायहरु वीच भएको बैठकका निर्णयहरु**

१. पाँचथर, सिन्धुली, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, चितवन, मकवानपुर, दाङ्ग, धनुषा, रौतहट, नवलपरासी, बाँके, वर्दिया, सुर्खेत लगायतका जिल्लाहरुमा पहिरो, वाढी र डुवानका घटनाहरुवाट मानवीय तथा भौतिक क्षति भएको अवस्थामा छ । उक्त अवस्थाबाट पीडित भएकाहरुलाई राहत प्रदानगर्न सम्बन्धित विषयगत क्षेत्रहरुको नेतृत्व लिने निकायहरु स्वयम आफै परिचालित हुने र सह नेतृत्व लिने निकायहरु तत् तत् जिल्लाको जिल्ला दैवी प्रकोप उद्धार समितिसँग निकट्तम समन्वयमा रही सम्बन्धित क्षेत्रमा तत्काल परिचालित हुने ।

२. सह-नेतृत्व दायी निकायहरुले सम्वन्धित विषयसँग सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग बैठकगरी प्रभावित जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा राहतका कार्यक्रमहरु तत्काल अगाडि वढाउने ।

३. राजमार्गहरुमा वाढी, पहिरोका कारण सिर्जना भएको अवरोधको अवस्थालाई मध्यनजर गर्दै सो अवरोध हटाई यातायात सुचारु गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने ।

४. जल तथा मौसम विज्ञान विभागवाट वाढी सम्भावित क्षेत्रमा Bulk Message NTC र NCELL वाट पठाउने गरिएकोमा विगत केही दिन देखि सन्देश (Message) जान नसकेकाले दुवै सेवा प्रदायकहरुवाट तत्काल प्रभावकारी रुपमा सेवा सुचारु गर्न लगाउन सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने ।

५. पहिरो, बाढी र डुवानका कारण विभिन्न जिल्लाहरुमा विद्युतको पोल ढलेर जोखिम वढाएकाले उक्त जोखिमलाई रोक्ने आवश्यक व्यवस्था तत्काल मिलाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने । विद्युतको पोल ढली मानवीय तथा अन्य क्षति भएकोमा उक्त क्षति हुन नदिने तर्फ सतर्क रहने ।

६. संयुक्त राष्ट्रसंघीय मानवीय संयोजकको कार्यालयको समन्वयमा मानवीय सहायतामा काम गर्ने (HCT) निकायहरुले तयार पारेको Monsoon Preparedness Plan अनुसार उक्त निकायहरुले सम्वन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी मानवीय सहायताका कार्यहरुलाई आजैका मिति देखि प्रारम्भ गर्ने ।

७. जिल्ला प्रशासन कार्यालय वर्दियाको मिति २०७४।४।२९ गतेको पत्रवाट वाढी तथा डुवानका कारण सयौं घर क्षति तथा हजारौं मानिस प्रभावित भएकाले तत्काल लेखा जोखा समन्वय टोली खटाइ दिन माग भइ आएकाले राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) वाट नेपाल रेडक्रश रोसाइटीसँग समन्वय गरी सामग्री सहित टोली खटाउने । जिल्ला प्रशासन कार्यालय वाँके र दाङ्गवाट पनि विपद् लेखाजोखा समन्वय टोली खटाउन माग भै आएकाले ति जिल्लाहरुमा पनि सो टोली खटाउने । साथै आवश्यकतानुसार विपद् लेखा जोखा समन्वय टोली विपद् प्रभावित अन्य जिल्लाहरुमा पनि खटाउने ।

८. विपद् प्रभावित सम्वन्धित जिल्लाहरुले तत्काल प्रारम्भिक द्रुत लेखा जोखा (Initial Rapid Assessment) टोली परिचालन गरी Response र Relief को कार्य अगाडि वढाउने ।

Scanned by CamScanner